# २०७४ सालको निर्वाचनमा ५००० मत र आशीर्वाद दिनुभयो,
# यसपालि इतिहास रचौं !




## ५ वर्ष २० काम,
## मिलन नै हो हाम्रो सांसदको नाम

हरेक बच्चाले राम्रो शिक्षा पाओस्,
उपचार नपाएर कोही नमरोस्
हरेक युवाले देशमै रोजगारी पाओस्
धारामा हावा होइन पानी आओस्,

हाम्रा दिदीबहिनीहरू बाटोमा निर्धक्क हिँड्न सकुन्
हरेक जाती-जनजातिले शिर ठाडो पारेर बाँच्न पाउन्
भाषा, संस्कृति, सम्पदा हाम्रो पहिचान बनोस्
अनि बन्छ देश, अनि अघि बढ्छ देश

**स्पष्ट विचार, देश बनाउने भिजन,**
**गर्व गर्न सकिने युवा नेतृत्व**



चुनाव चिन्ह ‘पाइला’





# मिलन पाण्डे

( इन्जिनियर, लेखक, विवेकशील अभियन्ता )
प्रतिनिधि सभा सदस्य उम्मेदवार,
काठमाडौं क्षेत्र नं. ९
सम्पर्क: ९८४१८००११३
थप जानकारी: www.milanpandey.com
विवेकशील अभियान, साझा पार्टी नेपाल

# स्थानीय मुद्दा

**( सङ्घीय, स्थानीय, प्रदेश सरकारसँग समन्वय गरेर काम गर्नेछौँ )**

१) हाम्रो क्षेत्रको अधिकांश धारामा पानी आउँदैन। आउने धारामा पनि हप्ताको एक दुई चोटि राती १ - २ बजे पानी आउँछ। फेरी पानी नआए पनि पानीको पैसा भने तिरिनै रहनुपर्छ। त्यसैले, मेरो सांसदको रुपमा पहिलो प्राथमिकता यो क्षेत्रमा रहेको खाने पानीको समस्यालाई अन्त्य गर्ने हुनेछ। राती पानी दिने प्रथाको अन्त्यका निम्ति नेतृत्व गर्नेछु।

२) पानी नआएको घरले पैसा तिर्न नपर्ने नियमका निम्ति वकालत गर्नेछु। पदीय सीमाले यदि समाधान दिन सकिनँ भने, स्थानीयसँग गाग्रो ठटाउने र मन्त्रालय घेर्ने आन्दोलनको अग्र पङ्तिमा हुनेछु।

३) क्षेत्रमा पर्ने बाटोहरु बनाउन, मर्मत गर्न र समयमै सक्न सांसदको हैसियतले अनुगमन गर्नेछु। म क्षेत्रको विकासका कामहरुलाई निरन्तर वैज्ञानिक अध्ययन र अनुगमन गर्नेर्छु।

४) क्षेत्रको ऐतिहासिक तथा सांस्कृतिक स्थलहरुको संरक्षण र प्रवर्धनमा विशेष ध्यान दिनेछु। अतिक्रमणमा परेका ऐतिहासिक, सांस्कृतिक र सार्वजनिक स्थलहरुलाई अतिक्रमणमुक्त गर्न नेतृत्व लिनेछु। हाम्रो क्षेत्रले आन्तरिक पर्यटनमा ठुलो सम्भावना बोकेको छ, क्षेत्रलाई पर्यटनसँग जोड्ने अभियान संचालन गर्नेछु।

५) स्थानीय सरकारसँग समन्वय गरेर नेवा संस्कृति, तामाङ संस्कृतिलाई नयाँ पुस्तासँग जोड्न कक्षा ८ मा “नेवा: एक सभ्यता” र “तामाङ सभ्यता” भन्ने पाठ्यक्रम नै राखेर विद्यार्थीलाई पढाउन पहल गर्छु। धिमय् (धिमे) लगायत सांस्कृतिक बाजा बजाउन समेत सिकाउने गरी पाठ्यक्रम तयार पार्न नेतृत्व लिनेछु। विभिन्न समुदाय बिच हाम्रो संस्कारलाई थप मजबुत बनाउन “मित लगाउने संस्कार”को विकास गर्नेछु। पर्व, संस्कृति जोगाउन गुठी प्रथालाई थप संरक्षण र व्यवस्थित गर्न पहल गर्नेछु।

६) नागार्जुन नगरपालिकामा एउटा फुटबल ग्राउन्ड बनाउन पहल गर्नेछु। नागार्जुन र चन्द्रागिरिमा रहने ग्राउन्डलाई राष्ट्रिय रङ्गशालाको रुपमा प्रवर्धन गर्न नेतृत्व गर्ने छु। साथै, सहिदको नाममा एउटा २५ लाख धनराशीको जिल्ला स्तरीय फुटबल-क्रिकेट कपको आयोजना गर्न नेतृत्व गर्नेछु।

७) परिवारमा कोही पनि नभएको आमा बुवाका निम्ति एउटा सबै सेवा सुविधा सहितको “अनुभव घर” बनाउन पहल गर्नेछु। क्षेत्रको विभिन्न स्थानमा योग, आरती र भजन कार्यक्रमको लागी स्थानीय पालिकहरुसँग समन्वय गर्नेछु।

८) सहकारी मोडेल मार्फत लोकल जाँडरक्सी सङ्कलन र प्रशोधन गर्दै एउटा फ्याक्ट्री स्थापना गर्न पहल गर्नेछु। स्थानीयलाई रोजगारी उपलब्ध गराउन नेतृत्व लिने छु। कुचो, अचार, टिका, मूर्ति, घण्टी टाँकजस्ता बस्तु उत्पादनमा गृहिणीहरुलाई संलग्न गराउन नेतृत्व लिनेछु। सहकारी मार्फत गृहिणीहरुलाई आत्मनिर्भर बनाउन ”नारी उद्यमशील” योजना सञ्चालन गर्नेछु। क्षेत्रको महिलाहरु र गृहिणीहरुलाई “डिजिटल साक्षरता” विकासका निम्ति पहल गर्नेछु।

९) क्षेत्रको सडकमा रहेको धुलो र धुवाको समस्या व्यवस्थापनका निम्ति सम्बन्धित सरकारसँग मिलेर काम गर्नेछु। वातावरण संरक्षणमा नेतृत्व लिँदै जिल्लामा एक लाख रुख रोप्ने अभियानको नेतृत्व गर्नेछु।

१०) विश्व स्वास्थ्य सङ्गठनले सन् २०३० मा संसारको एउटा प्रमुख समस्या भनेको मानसिक स्वास्थ्य हुनेछ भनेर आंकलन गरेको छ। म “डिप्रेसन” लगायत मानसिक रोगलाई समयमै पहिचान र उपचार गर्न विशेष कार्यक्रम सञ्चालन गर्नेछु। साथै, मोटोपन देशको ठुलो समस्या बन्दै छ। सुगर, प्रेसर र अन्य रोगको घर बन्दै छ। त्यसैले मोटोपन घटाउने अभियान सञ्चालन गर्न नेतृत्व लिनेछु। विशेषज्ञ मार्फत मानिसलाई स्वास्थ्य रहन सिकाउने कार्यक्रम सञ्चालन गराउने छु। सरकारलेनै घोषणा गरेको ९८ वटा औषधीलाई नि:शुल्क वितरण कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्व गर्नेछौं।

# सांसदको रूपमा मैले उठाउने विशेष राष्ट्रिय मुद्दा

१) शिक्षकको तलब सबैभन्दा धेरै हुनुपर्छ। शिक्षकलाई सांसदकोभन्दा बढी तलब दिऔं। मर्यादाक्रममा शिक्षकलाई “मानार्थ” रूपमा सांसदकै तहमा राखौं। प्रधानाध्यापकलाई मन्त्रीसरह तलब-सुविधा दिऔं। प्रधानाध्यापकलाई “मानार्थ” रूपमा मर्यादाक्रममा मन्त्रीसरह राखौं। जुन दिन हामी नेतृत्वमा पुग्छौं, यो हाम्रो पहिलो निर्णय हुनेछ।

२) नर्स, इन्जिनियर, खेलाडी, कलाकार लगायत सीपमूलक पेसामा आबद्ध पेसाकर्मीहरूको “न्यून पारिश्रमिक” समस्यालाई समाधानका निम्ति नेतृत्व गर्नेछु।

३) विद्यार्थीहरूलाई कक्षा ८ बाट नै उनीहरू सैद्धान्तिक पढ्न चाहन्छन् वा टेक्निकल सिपका निम्ति पढ्न चाहन्छन् वा उनीहरू गायन, नृत्य, खेलकुद आदीमा लाग्न चाहन्छन् छुटाइने शिक्षा नीतिका निम्ति वकालत गर्नेछु। साथै, नेपालमा गायन, नृत्य, खेलकुदका निम्ति विद्यालय र क्याम्पसहरू स्थापनमा नेतृत्व गर्नेछु। यो अभियानलाई सफल बनाउन सबै कामको सम्मान गर्ने संस्कारको विकास गर्न नेतृत्व लिनेछु।

४) युवा उद्यमीहरूलाई कर छुट, स्टार्ट अपका निम्ति राज्यबाट सहयोग, बिजनेस गर्न सजिलो वातावरण र राज्यबाट संरक्षणका निम्ति नेतृत्व गर्नेछु।

५) सदियौंदेखि राज्य र समाजबाट भएका जातीय, लैङ्गिक, वर्गीय, क्षेत्रीय, धार्मिक लगायतका सबै विभेद र अन्यायका निम्ति राष्ट्रप्रमुखबाट संसद्मार्फत क्षमा याचनाको उद्घोषका निम्ति पहल गर्नेछु।

६) सामान किन्दा होस् वा कहीं गएर खाँदा होस् वा अस्पतालमा सेवा लिन जाँदा होस्, हामीले उपभोक्ताको अधिकारबारे सचेत हुन सकेका छैनौं। त्यसैले हामी ठगिन्छौं। गुणस्तरहीन वस्तु वा सेवा दिनेलाई कानुनको दायरामा ल्याउन नेतृत्व लिनेछु।

७) अहिलेको अदालती व्यवस्थामा यदि कसैलाई मुद्दा पर्यो भने आधा जीवन अदालतको चक्करमै बित्छ। अदालतले निष्पक्ष न्याय ६ महिनाभित्रमा दिने व्यवस्था र अवस्थाका निम्ति पहल गर्न काम गर्नेछु।

८) महिला हिंसा अन्त्यका निम्ति पहल गर्नेछु। विद्यालय शिक्षामा “यौन शिक्षा” लाई जोड दिने, महिलाका मुद्दा हेर्नको लागी छुट्टै प्रभावकारी महिला सेल र महिला हिंसा सम्बन्धी मुद्दा हेर्नको लागी अदालतमा छुट्टै फास्ट ट्र्याक इजलासका निम्ति पहल गर्नेछु। नारीलाई समस्या पर्ने बित्तिकै सम्बन्धित प्रहरी पुगिहाल्ने गरी नारी सुरक्षाका निम्ति “सुरक्षा एप” सञ्चालन गर्न पहल गर्छु।

९) टुटल, इन्ड्राइभर, पठाओ जस्ता राइड सेयरिङ माध्यमका निम्ति आवश्यक कानुन निर्माणमा पहल गर्नेछु। ड्राइभरहरू र प्यासेन्जरको सुरक्षा, शुल्कको निर्धारण र याप कम्पनीले लिने कमिसन र तिर्नुपर्ने करबारे स्पष्ट नीति लागु गराउन पहल लिनेछु। सार्वजनिक यातायातलाई थप चुस्त बनाउन पहल गर्नेछु। साथै, लाइसेन्स, ब्लु बुक लगायत कामलाई झन्झटिलो नबनाई घरबाट गर्न सकिने प्रविधिको वकालत गर्नेछु।

१०) शेयर बजारको समस्या समाधानमा पहल लिनेछु। पुँजीको विकासलाई गलत दृष्टिले हेर्ने, जुवा हो भन्ने नेताहरूको बुझाइका कारण शेयर बजारले धेरै समस्या झेल्नुपरेको छ। शेयर बजारलाई थप व्यवस्थित गर्न र लगानीकर्ताको लगानीलाई सुरक्षित गर्न आवश्यक पहल गर्नेछु। केहि थोरै व्यक्तिहरूले शेयर बजारलाई तलमाथि गरेर साना लगानीकर्ताहरूलाई असर गर्ने कुरामा राज्यले भूमिका खेल्न पहल गर्नेछु।

**म सङ्घीय लोकतान्त्रिक गणतन्त्र र संविधानलाई थप उन्नत बनाउँदै नागरिकले शिक्षा, स्वास्थ्यको बारेमा चिन्ता नगरी आफ्नो योग्यता-क्षमता अनुरुपको जागीर पाउने अवस्था निर्माणका निम्ति नेतृत्व गर्नेछु।**

**थप राष्ट्रिय मुद्दाका लागी:**

**मिलनका भिजन पढ्नका निम्ति:**

**"बाटोमा देख्दा वा संसद्मा बोल्दा, यो नेतालाई हाम्रो हो भनेर गर्व गर्ने काम गर्नेछु"**

# म को हुँ ?

नमस्कार, म मिलन पाण्डे। म सिभिल इन्जिनियर हुँ। म ३३ वर्षको भएँ। मेरो जन्म, शिक्षा-दीक्षा, घर सबै यही क्षेत्रमा पर्छ। उज्वल दाईपछि दोस्रो अध्यक्षका रूपमा ०७६ सालमा विवेकशील नेपालीको अध्यक्ष पदमा निर्वाचित भएको थिएँ। त्यसपछि, २०७७ सालमा विवेकशील साझा पार्टीको संयोजक भएँ। हालसम्मको राजनैतिक/सामाजिक योगदान मैले विवेकशील अभियान मार्फत नै गरेँ। नेपाल खुल्ला छ, संविधान कहिले ? डाक्टर गोविन्द केसीको स्वास्थ्य क्षेत्र सुधार अभियान, न्यायपालिका सुधार अभियान, #EnoughIsEnough अभियान, युवालाई राजनीतिमा आकर्षण जगाउने अभियान लगायत करिब दुई दर्जन अभियानमा विगत १० वर्षदेखि सक्रिय छु। मेरो नेपालको सार्वजनिक शिक्षा सुधारमा मेरो विशेष रुचि छ। प्रत्येक नेपालीलाई धनी र आत्म-सम्मानित बनाउने अभियानमा निरन्तर छु।

# मिलन पाण्डे नै किन ?

- **इन्जिनियर:** समृद्धिलाई वैज्ञानिक र परिणाममुखी बनाउन
- **३३ वर्षे युवा:** तपाई र तपाईंको सन्ततिको उज्वल भविष्यलाई प्रतिनिधित्व गर्न
- **लोकतान्त्रिक:** लोकतन्त्र प्रतिको आस्था र विधिको शासन कायम गर्न
- **संसद्मा ताजगीपन:** एमाले वा माओवादी जित्दाभन्दा संसद्मा मिलन पुग्दा नयाँपन/ताजगीपन आउने हुँदा,
- **शिक्षा:** सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउने र निजी विद्यालयमा लिने चर्को शुल्कलाई नियमन गर्न

# मिलन पाण्डे अन्यभन्दा फरक सांसद कसरी ?

१) महत्वपूर्ण विधेयकलाई स्थानीय माझ ल्याएर छलफल चलाउने छु। त्यहाँ उठेका र नागरिकले राख्नुभएका सुझावलाई संसद्मा प्रस्तुत गर्नेछु।

२) संसद्मा मेरो १०० प्रतिशत सक्रिय उपस्थिति रहनेछ। ( विशेष कारण बेला बाहेक )

३) प्रत्येक महिना स्थानीय, प्रादेशिक जनप्रतिनिधिसहित क्षेत्रमा एउटा "नागरिक सभा" सञ्चालन गर्नेछु। जहाँ नागरिकले आफ्ना जनप्रतिनिधिलाई प्रश्न सोध्न पाउनेछन्, सुझाव दिन पाउनेछन्।

४) संसद्मा हावा तरिकाले बोल्दिन। संसद्मा पाउने प्रत्येक सेकेन्डको गरिमा राख्नेछु। आवश्यक परे, संसदभित्रनै रचनात्मक अभियान छेड्ने छु।

५) तीन वटै सरकारको क्षेत्रको बजेट, विकास र उपलब्धिलाई पारदर्शी बनाउन नेतृत्व गर्नेछु।

## यो क्षेत्रमा पर्ने प्रमुख स्थानहरु:

न्युरोड, संकटा मन्दिर, भोटेबहाल, लगनटोल, यंगाल, ब्रम्हटोल, जैशीदेवल, टेकु, कुलेश्वर, रविभवन, बल्खु, कलंकी, स्युच्टार, एल.आर.आइ. स्कुल, खड्कागाउँ, नयाँ नैकाप, पुरानो नैकाप, तीनथाना, सतुंगल (थोरै भाग), बलम्बु (थोरै भाग), दहचोक, भिमढुंगा, रामकोट, डाडापौवा, हसन्टार।

**अब अघि बढौं**
**परिवर्तनको "पाइला" चालौं**